इटहरी नगरपालिकाको कर तथा अन्य शुल्क दस्तुरहरुको दररेट तपशिल बमोजिम आ.ब. २०७१/०७२ को लागि कायम गरी लागु गर्ने निर्णय गरियो ।

**१.) मालपोत, भुमिकर तथा घर जग्गा कर बक्यौता – रु. ५,०००।**

विगत बर्षहरुको वक्यौता मालापोत, भुमिकरल तथा घर जग्गा कर साविककै दर रेटमा असुल गरिने छ ।

**२.) वहाल कर :- रु ४,००,०००।**

नगर क्षेत्र भित्र भवन घर जग्गा टहरा आदी भाडामा लगाए वापत स्थानीय स्वायत्त शाससन ऐनको दाफा १३७तथा नियमावली २०५६ को नियम १४१ कमोजिमको कर यस शिर्षक अन्तरगत संकलन गरिने छ ।

**३) एकीकृत सम्पत्तिकर : ९७,५०,०००।.**

एकिकृत सम्पत्तिकरको पुर्नमुल्यांकन भई लागु भएको ५ बर्ष पुरा भएकोले एकिकृत सम्पतिकर प्रयोजनका लागि सम्पतिको मुल्यांकन गरी निर्णय नं. ३ अनुसार कायम गरी आगामी आ.ब. २०७१/०७२ देखि सोही अनुसार लागु गर्ने गरिनेछ । तर करका दररेटमा कानुन बमोजिम संशोधन भएमा सोही बमोजिम हुनेछ ।

**४) क) साप्ताहिक हाट कर रु. १३,७५,०००।**

मंगलवारे, शनिवारे रु. १,५०,०००।
आइतवारे बुधवारे रु.११,१०,०००।
शुक्रवारे रु. ७५,०००।
हवाई चोक हाट रु.४०,०००।
आइतवारे बुधवारे बाहेकका अन्य पेरीफेरीमा लाग्ने सानातिना हाटहरु स्थानीय समुदायले व्यवस्थापन गर्न चाहेमा नगरपालिकाले निर्णय गरी दिन सक्ने छ ।

**ख) दैनिक गुद्री (ब्यवसाय) कर रु.**

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम नगरपालिका क्षेत्रभित्र लाग्ने साप्ताहिक आइतवारे र बुधवारे हाट तथा दैनिक गुद्री हाटको हाट (ब्यवसाय) कर देहाय बमोजिम असुल गरिने छ ।

| | | |
|---|---|---|
| १) | खसी बोका काटी बिक्री गर्ने पसलमा प्रति गोटा | रु.१५।- |
| २) | सुगुर, बंगुर काटी बिक्री गर्ने पसलमा प्रति गोटा | रु.१५।- |
| ३) | राँगा काटी बिक्री गर्ने पसलमा प्रति गोटा | रु.१५।- |
| ४) | कुखुरा काटी बिक्री गर्ने पसलमा प्रति गोटा | रु.३।- |
| ५) | खटियामा सामान राखी बिक्री गर्ने पसलमा प्रति गोटा | रु.४।- |
| ६) | रेडिमेड सामान खटियामा राखी बिक्री गर्ने पसलमा | रु. ७।- |
| ७) | थान कपडा बिक्री गर्ने पसलमा | रु.१०।- |
| ८) | माछा बिक्री गर्ने पसलमा (५ के.जी. सम्म) | रु. ३।- |
| ९) | माछा बिक्री गर्ने पसलमा (५ के.जी भन्दा माथी) | रु. १०।- |
| १०) | फलामका औजार तथा सामान बिक्री पसलमा | रु. ४।- |
| ११) | जुत्ता चप्पल बिक्री पसल ठुलोमा | रु. ८।- |

| | | |
|---|---|---|
| १२) | जुत्ता चप्पल बिक्री पसल सानोमा | रु. ५।- |
| १३) | फलफुल नास्ता ठेलामा राखी बिक्री गर्ने पसलमा | रु.१०।- |
| १४) | कुखुरा, हाँस बिक्री गर्ने पसलमा प्रति गोटा | रु. १। |
| १५) | चटपटी तथा बरफ, आइसक्रिम बिक्री गर्नेसंग | रु. ३।- |
| १६) | चिया पसलमा | रु. ४।- |
| १७) | साग, सब्जी डोकामा वा डालामा ल्याइ बेच्नेसंग | रु. १।- |
| १८) | भाडाकुडा पसलमा | रु. १०।- |
| १९) | भारमा सब्जी आदि ल्याइ बिक्री गर्नेसंग | रु. २।- |
| २०) | सिजन अनुसारको साग सब्जी आलु पसल ठुलोमा | रु. १५।- |
| २१) | सिजन अनुसारको  साग सब्जी आलु पसल सानोमा | रु. ७।- |
| २२) | फल फूल, साग सब्जी पसल अन्यमा | रु.३।- |
| २३) | फलफूल, साग सब्जी प्रति वयल गाडा | रु. १५।- |
| २४) | फलफूल साग सब्जी प्रति बोरा । फलफूल खुद्रा पसलमा | रु. ३।- |
| २५) | फोटो फ्रेमिंग तथा बिक्री पसलमा | रु. ५।- |
| २६) | लाइट, पेट्रोमेक्स, स्टोभ, छाता मर्मत पसलमा | रु. ५।- |
| २७) | बांस प्रति वयल गाडा | रु. ३०।- |
| २८) | बांस प्रति ट्रक, ट्याक्टर | रु. २००।- |
| २९) | ढाकीमा ल्याई बेच्ने दाल, चामल, पिठो, च्युरा आदिमा | रु. ३।- |
| ३०) | बिस्कुट, चकलेट, पाउरोटी, साबुन बिक्री गर्ने पसलमा | रु.४।- |
| ३१) | मिठाई पसलमा | रु. ४।- |
| ३२) | प्रचार प्रसार गरी व्यवसाय गर्ने विज्ञापन सम्बन्धी पसलमा | रु. २०।- |
| ३३) | खेल तमासा जादु चटक आदिमा | रु. २०।- |
| ३४) | जिउंदो खसी,  बोका, राँगा, सुंगुर बेच्नेसंग प्रति गोटा | रु. २०।- |
| ३५) | कपाल काट्ने सैलुनमा | रु. ५।- |
| ३६) | जुत्ता, चप्पल सिलाई गर्ने मोचीसंग | रु. ३।- |
| ३७) | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसलमा | रु. ५।- |
| ३८) | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल ठुलोमा | रु. ७।- |
| ३९) | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल सानोमा | रु. ५।- |
| ४०) | माटाका भाडा बेच्ने पसल ठुलोमा | रु. १०।- |
| ४१) | माटाका भाडा बेच्ने पसल सानोमा | रु. ७।- |
| ४२) | मुरली, बांसुरी, गुलेली, थैली, जुम्रा, उडुस आदी मार्ने औषधी बिक्री गर्नेसंग | रु. २।- |
| ४३) | चामल, दाल बिक्री गर्ने पसल प्रति बोरा | रु. ३।- |
| ४४) | बीउ विजन बिक्री गर्ने पसलमा | रु. ५।- |
| ४५) | अदुवा, लसुन, खुर्सानी, कुचो, नांलों बेच्नेसंग | रु. ७।- |
| ४६) | चकटी आदि बेच्नेसंग | रु. ३।- |
| ४७) | मकै पोली बेच्नेसंग | रु. २।- |
| ४८) | जडिबुटि विक्री गर्ने संग | रु. १०।- |
| ४९) | किराना पसलमा | रु.७।- |

५०) अन्य छुटपुट पसलमा रु.१।- देखि रु. १०।- सम्म,

५१) उल्लेखित कर तथा दस्तुरका दर रेटहरुमा कुनै परिवर्तन गर्नु परेमा नगरपालिकाले गर्न सक्ने छ ।

द्रष्टव्य: बार्षिक व्यवसाय प्रमाण पत्र लिएको वा नलिएका तर नगरपालिका क्षेत्रमा समय समयमा सिजन अनुसारको साग सब्जि आलु फलफूल आदि ल्याई थोक तथा खुद्रा विक्रि गर्ने गोदाम वा डिलरले साग सब्जि फलफूल ल्याई विक्रि गर्दा प्रति ट्रक रु.२०।- फलफूल सागसब्जी आदि ल्याएका दिन लिइने छ ।

## ५) व्यवसाय कर :- रु.३७,५०,०००।

स्थानिय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम नगरपालिका क्षेत्र भित्र संचालन भएका व्यापार, व्यवसाय, पेशामा देहाय बमोजिम बार्षिक व्यवसायकर लिइने छ ।

| क्र.सं.. | व्यवसायको नाम | क श्रेणी रकम रु. | ख श्रेणी रकम रु. | ग श्रेणी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| ६..०१ | किराना पसल | १०००। | ७५०। | ५००। | थोक विक्रेता रु.१५००। |
| | डिलर तथा थोक बिक्रेता | | | | |
| | दाल चामल, खुदी, खरिद विक्रि पसल | १२००। | १०००। | ७५०। | |
| | चिउरा भुजा विक्रि पसल | १२००। | १०००। | ७५०। | |
| | चलचित्रको रिल वितरक (डिष्टीब्यूटर्स) | १०००। | ९००। | ८००। | |
| | पिउने पानी (प्युरिफायर) वितरण पसल कोक ,पेप्सी डिलर | १२००। | १०००। | ७५०। | |
| | अचार पाउ गुतपाक जस्ता पसल | ५००। | ४००। | ३६०। | |
| | चियापत्ति विक्रि सो रुम | ७००। | ६००। | ५००। | |
| | सखर (गुण) पसल | ५००। | ४००। | ३६०। | |
| | (क) विष्कुट तथा चक्लेट खुद्रा | ४००। | | | |
| | १. डिलर (प्रति डिलर) | १०००। | ५०० | | |
| | २. थोक बिक्रेता | ४००। | | | |
| | (ख) तेल, घिउ, आँटा, सुजी, चिनि खुद्रा | ७००। | | | |
| | १. डिलर (प्रतिडिलर) | १०००। | | | |
| | २. थोक बिक्रेता | ७००। | | | |
| | (ग) साल्ट ट्रेडिङ् डिलर | ७५०। | | | |
| | (घ) कृषि सामाग्री संस्थानको डिलर | ५००। | | | |
| | (ङ) चुरोटको डिलर (प्रतिडिलर) | ५०००। | | | थोक विक्रेतालाई रु.२५००। |
| | (च) विडि चाउचाउ, चिप्स आदीको डिलर | १०००। | | | थोकलाई रु.७००। |
| ६.०२ | काटा राखि खरिद बिक्री गर्ने गल्ला पसल | १०००।- | ७५०।- | ५००। | |
| ६.०३ | फलफूल पसल | १०००।- | ७००।- | ५००। | थोक विक्रेता रु.१५००। |
| ६.०४ | तरकारी पसल | ७००। | | | थोक डिलर रु.१०००। |
| ६.०५ | (क) पसल खोली सुगुर, रागा को मासु विक्री गर्ने | ३०००। | २०००। | | |
| ६.०६ | अण्डा पसल | ६००। | ४००। | | |
| ६.०७ | होटलहरु | | | | |
| | (क) रिसोर्ट | ५०००। | ३०००। | | |
| | (ख) रेष्टुरेण्ट एण्ड बार | २५००। | २०००। | १५००। | |
| | (ग) रेष्टुरेण्ट | १२००। | १०००। | ८००। | |
| | (घ) तारे होटल | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १. एकतारे | ३०००। | | | |
| | २. दुइतारे | ४०००। | | | |
| | ३. तीनतारे | ६०००। | | | |
| | ४. चार तारे | ८०००। | | | |
| | ५. पाँचतारे | १००००। | | | |
| ६.० ८ | मदिरा समेत विक्री गर्ने होटलहरु | १५००। | १०००। | ८००। | |
| ६.९ | मदिरा रहित भोजनालय मिठाइ पसल आदि | १०००। | ८००। | ७००। | |
| | १. साना चिया पसल -चल्ती ठाउँ | ४००। | | | |
| ६.१० | चिसो हल्का पेय पदार्थ तथा मदिरा बिक्री पसल | १५००। | १२००। | १०००। | |
| | डिलरलाई | | | | |
| | १. हल्का पेय पदार्थ तर्फ | १५००। | १०००। | | |
| | २. मदिरा तर्फ | २०००। | १५००। | | |
| | थोक बिक्रेता तर्फ | | | | |
| | १.हल्का वेय पदार्थ तर्फ | ८००। | ७००। | | |
| | २. मदिरा तर्फ | १५००। | १०००। | | |
| ६.११ | लजहरु | | | | |
| | (क) पन्ध्र शैया भन्दा माथिलाई | २०००। | | | |
| | (ख) पन्ध्र शैया सम्मलाई | १५००। | | | |
| | (ग) दश शैयासम्मलाई | १०००। | | | |
| | (घ) सात शैया सम्मलाई | ७००। | | | |
| ६.१२ | कपडा पसल | १२००। | १०००, | ८००। | थोक बिक्रेता रु.२०००। |
| ६.१३ | रेडिमेड कवडा पसल | १०००। | ७००। | ५००। | थोक बिक्रेतालाई रु.१५००। |
| ६.१४ | भाडा बर्तन पसल | १०००। | ७००। | ५००। | डिलर थोक १५००। |
| ६.१५ | जुत्ता पसल | १०००। | ७००। | ५००। | थोक डिलरलाई रु.१५००। |
| | जुत्ता सिलाई पसल | ३६०। | | | |
| ६..१ ६ | पान पसलहरु | ७००। | ६००। | ५००। | |
| ६.१७ | श्रृंगार तथा मनिहारी पसल | १०००। | ७००। | ५५०। | थोक बिक्रेतालाई रु.१५००। |
| ६.१८ | उपहार(गिफ्ट) का सामन बेच्ने पसल | १०००। | ७००। | ५००। | थोक विक्रेता रु.१५००। |
| ६.१९ | औषधि पसलहरु | १०००। | ७००। | | थोक बिक्रेतालाई रु.१५००। |
| | होमियो प्याथीक / आयुर्वेदिक / भेटेरीनरी | १०००। | ७००। | ५००। | डिलरलाई रु.१५००। |
| | डिलरलाई | १५००। | | | |
| | आखा क्लीनिक सहितको चश्मा पसल | १०००। | ९००। | ८००। | |
| | दन्त हस्पिटल | ३०००। | २५००। | | |
| | दन्त सेवा क्लिनिक | १५००। | १०००। | | |
| | १. स्वास्थ्य सेवा | | | | |
| | (क) नर्सिङ्गहोम | ५०००। | ४०००। | | |
| | (ख) विशेषज्ञ | १०००। | | | |
| | (ग) एम.वि.वि.एस. | ७००। | | | |
| | (घ) हेल्थ असिस्टेन्ट | ५००। | | | |
| | (ङ) सि.एम.ए./कविराज /नर्सिङ्ग सेवा | ५००। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (च) एक्सरे क्लिनिक | ५००। | | | |
| | (छ) प्रयोगशाला (ल्याब ) | १०००। | | | |
| | (ज) भेटेरिनरी चिकित्सक | ५००। | | | |
| | (झ) चश्मा बनाउने | ५००। | | | |
| | (ञ) प्राकृतिक चिकित्सा अक्यूपंचर | ५००। | | | |
| ६.२० | पुस्तक तथा पत्रिका स्टेशनरी | १०००। | ८००। | ५००। | डिलर ।थोक बिक्रेतालाई रु.१५००। |
| ६.२१ | फर्निचर पसल तथा सो रुम | | | | |
| | (क)स्टिल फर्निचर डिलर सहितको सो रुम | २०००। | १८००। | | |
| | (ख)स्टिल फर्निचर पसललाई | १५००। | १२००। | | |
| | (ग) काठका फर्निचर पसललाई (सो रुम सहित) | १२००। | १०००। | | |
| | (घ) फर्निचर उद्योग स्टिलको | २५००। | २०००। | | |
| | (ङ)काठको फर्निचर उद्योग | १५००। | १२००। | | |
| | (च) बेतबास फर्निचर उद्योग बिक्री | १०००। | ७००। | | |
| ६.२२ | फोटो स्टुडियो | | | | |
| | (क)कलर ल्याब | २०००, | १५००। | | |
| | (ख) फोटो स्टुडियो | ७००। | ६००। | | अन्य पनि भए थप रु.२००। लाग्ने छ। |
| ६.२३ | कपडा धुलाई तथा रंगाई | | | | |
| | (क) ड्राइ क्लिनर्स | ७००। | ५००। | | |
| | (ख) साधारण लुगा धुने तथा रंगाउने | ४००। | | | |
| ६.२४ | सुन चाँदी पसल | | | | |
| | (क) सुन चाँदी खरीद विक्री थोक सहित गहना बनाउने | २०००। | १५००। | | |
| | (ख) सुन चाँदी गहना बनाउने | १०००। | ७००। | | |
| | पशु पंक्षी आहार बिक्री पसल | ७००। | ६००। | | थोक विक्रेता रु.१०००। |
| ६.२५ | शैलुन तथा ब्यूटी पार्लर | | | | |
| ६.२६ | (क) शैलुन (८ सिट भन्दा माथि | ७००। | | | ए.सि. भएकालाई रु.१०००। |
| | (ख) शैलुन ८ सिट सम्म | ६००। | | | |
| | (ग) शैलुन ६ सिट सम्म | ५००। | | | |
| ६.२७ | (घ) केवल नेटवर्क | २००००। | १०००० । | ५०००। | |
| ६.२८ | (ङ) ब्यूटी पार्लर तर्फ | ७००। | ५००। | | ए.सि. भएकालाई रु.१०००। |
| | (क) टेलरिंग पसलको प्रति मेसिनलाई | १५०। | १००। | ७०। | |
| | (ख) सिलाई मेसिन विक्री पसल | १०००। | ८०००। | | डिलरलाई रु.१५००। |
| ६.२९ | दुग्ध उत्पादन तथा वितरण पसल | ६००। | ५००। | | |
| ६.३० | कुखुरा पालन | | | | |
| | (क) १ हजार भन्दा माथि कुखुरा पाल्ने लाई | १०००। | ८००। | ७००। | |
| ६.३१ | साईन बोर्ड बनाउने तथा आर्ट पसल | ५००। | ४००। | | |
| ६.३२ | इलेक्ट्रोनिक्स सामान बिक्री पसल | १२००। | १०००। | ८००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (क) इलेक्ट्रोनिक्स पार्ट पुर्जा पसल | १०००। | ८००। | ७००। | |
| ६.३३ | निजी नर्सरी | ६००। | ५००। | | |
| ६.३४ | घडी, रेडियो, बिक्री पसल | १२००। | १०००। | ८००। | |
| ६.३५ | शिसाका सामान बेच्ने ग्लास हाउस | १०००। | ८००। | | थोक डिलरलाई रु.१५००। |
| ६.३६ | इन्धन बिक्रेता (पम्प वा खुल्ला) | | | | |
| | (क) मट्टी तेल, पेट्रल, डिजेल समेतको ३ पम्पलाई | ३५००। | | | |
| | (ख) २ पम्प भएकोलाई | ३०००। | | | |
| | (ग) १ पम्प भएकालाई | २०००। | | | |
| | (घ) ड्रममा राखि खुल्ला विक्री गर्नेलाई | १०००। | | | |
| | (ङ) लुब्रिकेशन पसललाई | १०००। | | | पम्पमा लुब्रिकेशन बिक्री हुने भए थप रु.३००। लिइने छ। |
| | च) मटीतेल डिलर | १०००। | | | |
| ६.३७ | निर्माण सामग्री बिक्री पसल | | | | |
| | हार्डवेयर सिमेण्ट खुद्रा | २५००। | २०००। | १५००। | |
| | हार्डवेयर सहित सिमेण्ट डिलर | २०००। | | | |
| ६.३८ | सिमेन्ट विक्री | | | | |
| | (क) डिलरको लागि प्रतिडिलर | १०००। | | | |
| ६.३९ | विजुलीका सामाग्री विक्री पसल | १२००। | १०००। | ७००। | |
| ६.४० | रंग रोगन सम्वन्धी डिलर | १५००। | १०००। | | |
| ६.४१ | मोटर पार्टस मिल मेसिनरी पसल | २०००। | १५००। | १०००। | |
| ६.४२ | साइकल तथा पार्टस विक्री पसल | १५००। | १२००। | १०००। | |
| ६.४३ | ग्याँस विक्री गर्ने पसल | | | | |
| | (क) ग्याँसको डिलर | १५००। | | | |
| ६.४४ | डिपार्टमेण्टल स्टोर | ७०००। | ५०००। | २०००। | |
| ६४५ | अडियो भिडियो क्यासेट भाडा पसल | ५००। | ४००। | ३६०। | |
| ६४६ | ट्राभल एजेन्सी | १०००। | ७००। | | |
| ६४७ | कुचो, चित्रा, नाङ्ला, माटाका भाँडा पसल | ४००। | ३८०। | | |
| | (छ) टायर डिलर | २५००। | | | |
| | (ज) साइकल, रिक्सा, थोक विक्रेता प्रति आइटम | १५००। | | | |
| | (झ) कम्प्यूटर, फ्याक्स, टि.भि. रेडियो, क्यासेट फोटोकपी, एम्प्लीफायर आदी इलेक्ट्रोनिक्स सामानका डिलर प्रतिडिलर) | ३०००। | | | |
| | (ट) पंखा, फ्रिज वासिंग मेसिन, इलेक्ट्रीक पसल तथा पानी तान्ने मोटर थोक प्रति आइटम | २५००। | | | |
| | (ठ) अन्य थोक विक्रेता | | | | |
| | १. सुर्ती थोक विक्रेता | १०००। | | | |
| | २. कपास थोक विक्रेता | २०००। | | | |
| | ३. कोइला थोक विक्रेता | २०००। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. बाँस थोक विक्रेता | १२००। | ८००। | | |
| | ५. तरकारी थोक डिलर | १०००। | ८००। | ६००। | |
| ६.४९ | सिनेमा हल | | | | |
| | (क) ८५० सिट भन्दा माथि | ५०००। | | | |
| | (ख) ८५० सिट सम्म | ४०००। | | | |
| | (ग) ५०० सिट सम्म | २५००। | | | |
| ६.५० | जादु, सर्कस, खेल तमासा | १५००। | १०००। | ८००। | |
| ६.५१ | अस्थायी मेला कार्यक्रम दैनिक | ५००। | | | |
| | १.दैनिक प्रति स्टलको | २५। | १५। | १०। | |
| | २. टिकटमा देखाइने नाटक साँस्कृतीक कार्यक्रम आदी (दैनिक टिकट दरको आधारमा) | ८००। | ६००। | ४००। | |
| ६.५२ | ब्रास बैण्ड पार्टी | १०००। | ७५०। | ५००। | |
| ६.५३ | अन्य सेवा तथा व्यवसाय | | | | |
| | १. निर्माण व्यवसायी (ठेकेदारी) | ५०००। | ३०००। | २०००। | |
| | २.निर्माण सम्वन्धी परामर्स (कन्सल्टेन्सी) सेवा | २०००। | १५००। | | |
| | ३. कानूनी सेवा | | | | |
| | (क) बरीष्ठ अधिवक्ता | ५००। | | | |
| | (ख) अधिबक्ता | ४००। | | | |
| | (ग) अभिबक्ता | ३६०। | | | |
| | (घ) अभिकर्ता | ३६०। | | | |
| | (ङ) लेखापढी व्यवसायी | ३६०। | | | |
| | (च) १ भन्दा बढी कानुनी व्यवसायी संलग्न भएको ल फर्म वा कानुनी सेवा केन्द्र | ७००। | | | |
| | ५. निजि वित्तिय संस्थाहरु | | | | |
| | (क) क ख र श्रेणीका सबै बाणिज्य बैक | १००००। | | | |
| | (ख) आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मूख्य कार्यालय | २५००। | | | |
| | (ग) आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको शाखा कार्यालय | १५००। | | | |
| | (घ) सहकारी बैंक वा वित्तिय कारोवार गर्ने सहकारी संस्था | १०००। | | | |
| | (ङ) वीमा कम्पनी | २५००। | | | |
| | (च) कमिसन एजेन्ट आर्थिक कारोवार गर्ने समेत | १५००। | १०००। | | |
| | (छ) जग्गा खरिद विक्री | ६०००। | | | |
| | (ज) विदेशी मुद्रा सटही | २०००। | | | |
| | (झ) ढुवानी सेवा | १५००। | १०००। | | |
| | (ञ) कुरियर सेवा | ५००। | | | |
| | ६. टेलिफोन फ्याक्स व्यवसाय | ५००। | | | मनि ट्रान्सफर भए रु.१८००। |
| | ७. टेण्ट हाउस | १०००। | ७००। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८. कुनैपनि फर्मले मनि ट्रान्सफर संचालन गरेको भए थप | १०००। | | | |
| | ९. अन्य विविध सेवा | | | | |
| | (क) विज्ञापन एजेन्सी | १०००। | | | |
| | (ख) टुर अपरेटर | ५००। | | | |
| | (ग) विविध परामर्श सेवा | ५००। | | | |
| | (घ) होम डेलिभरी सर्भिस | ५००। | | | |
| | (ङ) व्यवसायिक रुपमा माइकिंग गर्ने | ५००। | | | |
| | (च) भिडियो गेम | ५००। | | | |
| | ९ प्रशिक्षण सेवा | | | | |
| | (क)कम्प्यूटर प्रशिक्षण | १०००। | | | |
| | (ग) भाषा प्रशिक्षण | १०००। | | | |
| | (घ) सिलाई कटाई प्रशिक्षण | ५००। | | | |
| | (ङ) ड्राइभिंग प्रशिक्षण | १०००। | | | |
| | (च) अन्य प्रशिक्षण | १०००। | ५००। | | |
| | १०.निजी शिक्षण संस्था | | | | |
| | (क) क्याम्पस स्नातक तह वा सो भन्दा माथि | ३०००। | | | |
| | (ख) उच्च मा.वि. | २०००। | | | |
| | (ग) मा.वि. | १५००। | | | |
| | (घ) नि.मा.वि. | ८००। | | | |
| | (ङ) प्रा.वि. | ५००। | | | |
| | (च) पुर्ब प्रा.वि. | ५००। | | | |
| | (छ) व्यवशायिक प्रशिक्षण केन्द्र | १०००। | | | |
| ६.५४ | मर्मत सम्भार व्यवसाय | | | | |
| | (क) बस, ट्रक, आदिको बडी विल्डर्स | ३०००। | २०००। | १०००। | |
| | (ख) लेथ तथा ड्रिल मेसिन राखि सवारी मर्मत | १०००। | | | वेल्डिङ्गमात्र गर्ने लाई रु.५००।- |
| | (ग) बस, ट्रक, ट्याक्टर तथा अन्य साना सवारी मर्मत (ग्यारेज) | १५००। | १०००। | | |
| | (घ) मोटर साइकल मर्मत | १०००। | ६००। | | पार्ट्स विक्रि समेत भए १०००। |
| | (ङ) टायर रिसोलिंग, | | | | |
| | १. कोल्ड रिसोलिंग | १०००। | | | |
| | २. हिट रिसोलिंग | १०००। | | | |
| | (च) सवारी साधन रंग रोगन | ८००। | ५००। | | |
| | (छ) वेल्डिंग र ड्रील मेसिन भएको वर्कशप | ५००। | | | |
| | (ज) सवारी साधनको ब्याट्री, ब्याट्री पार्टस मर्मत चार्ज गर्ने | ७००। | | | ब्याट्री विक्री भए रु.१०००। |
| | (झ) सवारी साधनको ब्याट्री मर्मत र चार्ज मात्र गर्ने | ५००। | | | |
| | (ञ) सवारी साधनको सिट हुट बनाउने मर्मत गर्ने | ५००। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ट) पुरानो टायर बिक्री तथा हावा भर्ने | ४००। | | | |
| | (ठ) रिक्साको बडी बनाउने मर्मत गर्ने | ४००। | | | |
| | (ड) साइकल, रिक्सा मर्मत पसल | ४००। | | | |
| | (ढ) टि.भी., कम्प्युटर, टेलिफोनसेट, पंखा, डेक, रेडियो क्याल्कुलेटर, घडी, एम्प्लिफायर, माइक आदि मर्मत पसल | ५००। | ४००। | | |
| | (ण) सिलाई बुनाई, मेसिन, ग्यास, चुल्हो, मैन्टोल, स्टोभ, लाइट, मर्मत पसल | ४००। | ३८०। | | |
| | (त) चश्मा बिक्री तथा मर्मत पसल | ५००। | ४००। | ३६०। | |
| ६.५५ | उद्योग | | | | |
| | १. चाउचाउ उद्योग ठूलो | १०,०००। | ९०००। | ८०००। | |
| | २ चाउचाउ (नुडल्स) का लघु उद्योग | १०००। | ९००। | ८००। | |
| | ३. बिस्कुट उद्योग | ३०००। | २०००। | | |
| | ४. चप्पल उद्योग | ३०००। | २०००। | १५००। | |
| | ५. सलाई उद्योग | ४०००। | ३०००। | २०००। | |
| | ६ प्लाइउड उद्योग | ३०००। | २०००। | | |
| | ७. कपडा उद्योग | ५०००। | ४०००। | ३०००। | |
| | ८. बरफ उद्योग | ७००। | ५००। | ३६०। | |
| | ९. कन्फेक्सनरी उद्योग | ५०००। | ४०००। | ३०००। | |
| | १०. काष्ठ उद्योग(स-मिल) | | | | |
| | क.. काष्ठ उद्योग ठूला स-मिल | ३०००। | २०००। | १०००। | |
| | ख. बैण्ड सो मात्र भएको | १०००। | | | |
| | ग. ट्रलि बैण्ड सो वाहेक काठ डिपो | १०००। | | | |
| | ११. स्टेसनरी वा कपी उद्योग | १०००। | ७००। | ५००। | |
| | १२. छापाखाना (प्रिन्टिंग) | | | | |
| | (क) प्रेस सिलिण्डर, अपसेट मेसिन सहितको | १०००। | | | |
| | (ख) तीन वटा भन्दा बढी मेसिन भएको | ८००। | | | |
| | (ग) तीन वटा सम्म मेसिन भएको | ५००। | | | |
| | १४. डिस्ट्रिलरी ब्रुअरी उद्योग | ५०००। | | | |
| | १५. हल्का पेय (जुस) पदार्थ उत्पादन उद्योग | ४०००। | २०००। | | |
| | १६ प्लाष्टिक उद्योग | ३०००। | २०००। | | |
| | १७. पाउरोटी, केक, पेस्टी, डुनोट उद्योग | १०००। | ६००। | | |
| | १८. ग्रील उद्योग | १०००। | ७५०। | | |
| | १९ गलैंचा उद्योग | १०००। | ७००। | ५००। | |
| | २०. गार्मेन्टस उद्योग | १०००। | ७००। | ५००। | |
| | २१ कुटानी पिसानी उद्योग (साना) | ७५०। | ५००। | ३६०। | |
| | २२. भुजीया उद्योग | १०००। | ६००। | | |
| | २३ ईंटा तथा टायल उद्योग (भट्टा) | | | | |
| | (क) ईंटा उद्योग भट्टा (आधुनिक यन्त्र प्रयोग हुने) | ५०००। | | | |
| | (ख) ईंटा उद्योग भट्टा (हातले बनाउने) | २०००। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) टायल उद्योग भट्टा (आधुनिक यन्त्र प्रयोग हुने ) | २०००। | | | |
| | (घ) टायल उद्योग भट्टा (हातले बनाउने) | ५००। | | | एउटै उद्योगले इटा र टायल बनाएमा क लाई रु.४०००। र ख लाई रु.३५००। लाग्ने छ । |
| | (ङ) मोवाईल विक्रि तथा मर्मत | १०००। | ८००। | | |
| | २४. पशुपंक्षी आहार उद्योग | १५००। | १०००। | | |
| | २५. तामा, पित्तल, आल्मुनियम, फलाम, जस्ता, धातुको उद्योग(घरेलु) | १५००। | १२००। | १०००। | |
| | २६. जुत्ता तथा ब्याग उद्योग, | १०००। | ७००। | ५००। | |
| | २७.चिया उद्योग प्याकेजिंग | ७००। | ५००। | | |
| | २८. सिलाई बुनाइ उद्योग | | | | |
| | (क) तान राखी कपडा बुन्ने | १५०। | | | |
| | (ख) ज्याकेट बनाउने उद्योग | १५००। | | | |
| | (ग) स्वेटर बुन्ने उद्योग | १०००। | | | |
| | २९. प्याकेजिंग उद्योग सुर्ती, खैनी, चुना | ५००। | ४००। | | |
| | ३०. रिंग, डुड बनाउने | ३००। | | | |
| | ३१. लोहोरो सिलौटो बनाउने | १००। | | | |
| | ३२. सप्लाइ एजेन्सी | १५००। | १०००। | | |
| | ३३. कवाडी संकलन तथा विक्रि पसल | २०००। | १५००। | | |
| | ३४. कृषि मल, विउ, औजार तथा किटनासक औषधी | ५००। | ४००। | | |
| | ३५. विमा सम्वन्धि एजेन्सी | १०००। | ७००। | | |
| | ३६. प्रेस वाहेक अन्य प्रिन्टिंग तथा लेबुल उद्योग | ७००। | ५००। | | |
| | ३७. जुट उद्योग | १०,०००। | ८,०००। | | |
| | ३८. कुटानी पिसानीका ठूला उद्योग | ८०००। | ५०००। | | |
| | ३९. जुस, सस, अचारका ठूला उद्योग | ६०००। | ४०००। | | |
| | ४०. सिमेण्टका पाइप तथा पोल उद्योग | १०००। | ७००। | ५००। | |
| | ४१. खैनि उद्योग | १५००। | १०००। | | |
| | ४२. चिप्स उद्योग, घरेलु स्वेटर उद्योग, विट र वोर्ड उत्पादन गर्ने आदि उद्योगहरुलाई क देखि ग सम्म श्रेणी को विभाजन गरी रु.३६०। देखि १०००। सम्म कर लिइने छ । | | | | |
| ६.५६ | १. स्वदेशी रोजगार सेवा | १५००। | १३००। | | |
| | २. बैदेशीक रोजगार सेवा | ८०००। | ५०००। | | |
| ६.५७ | विक्री (डिपो) डिलरको बिक्रि कक्ष वा सो रुम | | | | |
| | १. साइकल | १०००। | | | |
| | २. रिक्सा | १५००। | | | |
| | ३. मोटरसाइकल स्कुटर | ७०००। | ५०००। | | |
| | ४. टेम्पो र सफा टेम्पो | ५०००। | ४५००। | | |
| | ५. कार, जीप भ्यान, ट्याक्टर | १२०००। | १००००। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६. बस, ट्रक, | १५०००। | १२०००। | | |
| | ७ ब्याट्री साईकल, | २५००। | २०००। | | |
| | ८ पावर टेलर | १३००। | १२००। | | |
| | लेमिनेशन | ५००। | ४००। | | |
| | तीर्थ यात्रि सेवा | ९००। | ८००। | ७००। | |
| | विष्कुट तथा पाउरोटी थोक तथा खुद्रा | ५००। | ४००। | | |
| | कफि हाउस | ५००। | ४००। | | |
| | कपडामा बुट्टा भरी विक्रि गर्ने बुटीक | ५००। | ४००। | | |
| | खेलौना पसल | ५००। | ४५०। | | |
| | टेम्पो सामान विक्रि पसल | १०००। | ८००। | | |
| | तयारी पोसाक (गार्मेण्ट) | १५००। | | | |
| | श्रृंगार सामान उत्पादन गर्ने | ५००। | ४००। | | |
| | कागज उद्योग | १०००। | | | |
| | चकलेट उद्योग | ५००। | ४००। | | |
| | चिउरा मिल | १५००। | १०००। | | |
| | फलामको घरेलु समान विक्रि पसल | ५००। | ४००। | | |
| | खेलकुद सामाग्री विक्रि पसल | ५००। | ४००। | | |
| | केमिकल वर्क | ६००। | ५००। | ४००। | |
| | लेखा परिक्षण फर्म | १०००। | | | |
| | लेखा परीक्षक | ८००। | | | |
| | ब्याग उद्योग फर्म | १५००। | १०००। | | |
| | टालय मार्वल | २५००। | २०००। | | |
| | रेडियो प्रसारण एफ एम | १०००। | | | |
| | शैक्षिक परामर्श केन्द्र | १५००। | | | |
| | साईवर क्याफे | १०००। | | | |
| | जैविक पदार्थ बिक्रि कक्ष | १०००। | | | |
| | स्थानिय भवन निर्माण व्यवसायी | १०००। | | | |

| व्यवसायको नाम | क श्रेणी | ख श्रेणी | कैफियत |
|---|---|---|---|
| १. कुखुरा काटी मासु विक्री गर्ने विक्रेता | ९०० | ७०० | बुढीखोला पश्चिम ट्राफिक चौक सम्म महेन्द्र राजमार्ग १२० फिट र साहि नेपाली शैनिक क्याम्प कल्भर्ट देखि दक्षिण वडा नं.७,८ को सिमाना कोशी राजमार्गको वीच भागबाट क श्रेणी र अन्य बाँकीको हकमा ख श्रेणी मानिने छ र क श्रेणीलाई बार्षिक व्यवसाय करको अतिरिक्त रु.१०००। सेवा शुल्क लिईने छ। ख श्रेणीका लाई बार्षिक व्यवसाय करका अतिरिक्त रु.२००। सेवा शुल्क लिईने छ। |
| २. खसी काटी मासु विक्री गर्ने लाई | १००० | ८०० | |

द्रष्टब्य :

१. यसमा नपरेका नयाँ किसिमका पेशा र व्यवसायको प्रकृति हेरी नगरपालिकाबाट ३६०।- देखि १५०००।- सम्म कर निर्धारण हुने छ।

२. नगरक्षेत्रमा उद्योग, ब्यापार, ब्यवसाय, पेशा, संचालन गर्नेले प्रत्येक चालु आ.ब.को असोज मसान्त भित्र आ-आफ्नो ब्यवसाय, पेशाको ब्यवसाय प्रमाण-पत्र नविकरण गरी सक्नु पर्ने छ। सो अवधि भित्र नविकरण गर्नेलाई कर रकममा १० प्रतिशत छुट दिइने छ। सो समयावधी पश्चात ब्यवसाय प्रमाण-पत्र नविकरण गर्दा तोकिएको बार्षिक कर तिरी नविकरण गर्नु पर्ने छ।

३. नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नेले व्यवसाय सुरु गर्नु भन्दा पूर्व व्यवसाय प्रमाण पत्र लिनु पर्नेछ । त्यसरी व्यवसाय प्रमाण पत्र नलिएकोमा व्यवसाय सुरु गरेको ३५ दिन भित्र व्यवसाय दर्ता गराई बार्षिक व्यवसाय कर बुझाउनु पर्नेछ ।

४. हकवालाको नाममा व्यवसाय प्रमाण-पत्र नामसारी गर्दा रु.५०। दस्तुर लिइनेछ ।

५. व्यवसाय प्रमाण-पत्रको लगत कट्टा मात्र गर्दा रु.५०। दस्तुर लिइनेछ ।

६. पूर्व प्राथमिक विद्यालय लाइ स्विकृति दिंदा रु.१०००। दस्तुर लिइनेछ ।

## ६) सवारी दर्ता तथा बार्षिक सवारी कर रु २०,०००।-.

६.०१ स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार देहायका भाडाका तथा निजी सवारी साधनमा देहाय बमोजिम वार्षिक कर र सवारी दर्ता तथा नामसारी, नविकरण दस्तुर लिइने छ । यसरी लिइने कर रकम प्रत्येक आर्थिक बर्षको असोज मसान्त भित्र बुझाउन आएमा लाग्ने कर रकममा १० प्रतिशत छुट दिइनेछ ।

| क्र.सं.. | सवारीको किसिम | बार्षिक कर | दर्ता शुल्क | नामसारी दस्तुर |
|---|---|---|---|---|
| १ | भाडाका बस, ट्रक, लहरी, क्रेन, रोलर, डम्फर, बुल्डोजर, ग्रेडर, ट्रीपर पिनगन आदि र अन्य भारी गाडिमा | १५००। | २००। | १५०। |
| २ | निजी, बस, ट्रक लहरी क्रेन, रोलर, डम्फर, बुल्डोजर, ग्रेडर, ट्रीपर पिनगन र अन्य भारी गाडिमा | १५००। | २००। | १५०। |
| ३ | भाडाका मिनिट्रक, मिनीबस | १०००। | १७५। | १२५। |
| ४ | निजी मिनी ट्रक, | ७००। | १००। | ७५। |
| ५ | निजी मिनी बस | ३००। | १००। | ७५। |
| ६ | भाडाका जीप भ्यान ल्याण्डरोभर | ३००। | ५०। | ५०। |
| ७ | निजी जीप, भ्यान ल्याण्डरोभर, | ३००। | ५०। | ५०। |
| ८ | भाडा तथा निजी टेम्पो अटोरिक्सा | २००। | ५०। | ५०। |
| ९ | निजी तथा भाडाको कार | ३००। | ५०। | ५०। |
| १० | स्कुटर, मोटरसाइकल | १५०। | ५०। | ५०। |
| ११ | टायर गाडा | ५०। | ५०। | ५०। |
| १२ | बयल गाडा | | | |

सवारी दर्ता तथा बार्षिक सवारी कर को प्रमाण पत्र दस्तुर रु.५०। लिई नगरपालिकाले उपलब्ध गराउने छ ।

## ७) पटके सवारी कर ५०,०००।

बार्षिक सवारी कर नतिरेका तपसिलका सवारी साधनमा तपशिल अनुसारको पटके सवारी कर लिइने छ ।

क) निजि तगा भाडाका बस, ट्रक, लहरीमा रु. २०।

ख) निजि तथा भाडाका ट्याक्सी ,ट्याम्पो, कार जिप भ्यानमा रु. ५।

ग) निजि ताथ भाडाका ट्रयाक्टर, मिनि बस, मिनि ट्रकमा रु.१०।

घ) बिदेशी नम्बर प्लेटका गाडीहरुको हकमा क बमोजिमको सवारी साधान भए रु. ३०। ख बमोजिमको सवारी साधान भए रु. १५।

कुटनैतिक नियोगका गाडीहरु सरकारी गाडीहरु एम्बुलेन्सहरुमा पटके कर लाग्ने छैन ।

ङ) नयां आर्थिक बर्षको बार्षिक सवारी कर अघिल्ला आ.ब. को असार मसान्त सम्ममा बुझाउने व्यवसायीलाई मात्र पटके कर सवारी कर छुट हुनेछ ।

**८) सवारी कर संयुक्त काउण्टर तर्फको रु.१,७५,०००।**

**९. मनोरंजन कर रु.३५,०००।**

८.०१ नगरपालिका क्षेत्र भित्र संचालित सिनेमा हलहरुबाट देहाय बमोजिम मनोरंजन कर लिइने छ ।

क) कूल सिट संख्याको ३५ प्रतिशत सिटलाई पुरा सिट संख्या मानी प्रत्येक टिकटमा लाग्ने प्रवेश शुल्कको ३ प्रतिशतले हुने रकम ।

ख) मनोरंजनकर मासिक रुपमा असूल गरिने छ । पहिलो महिनाको मनोरंजनकर दोश्रो महिनाको २५ गते सम्म बुझाइ सक्नु पर्ने छ । सो समय भित्र नबुझाएमा सो महिनाको मसान्त सम्म बुझाउनु पर्ने रकममा दैनिक रु. १००। को ।१० पैशा ले हुने जरिवाना समेत बुझाउनु पर्ने छ । सो समय भित्र पनि नबुझाएमा बुझाउनु पर्ने रकममा दैनिक ।२० पैशाका दरले जरिवाना सहित थप १५ दिन सम्ममा बुझाउनु पर्ने छ । सो समयसम्म पनि रकम नबुझाएमा प्रचलित ऐन नियम बमोजिम नगरपालिकाले जुन सुकै समयमा हल संचालनको कार्य बन्द गर्न सक्ने छ।

ग) मनोरंजन कर नेपाली भाषाका चलचित्रहरुमा लिइने छैन ।

८.०२ नगरपालिका क्षेत्र भित्र संचालित भिडियो हल, सांस्कृतिक प्रदर्शन हल आदिमा नगरपालिकाले तोके बमोजिम मनोरंजन कर लगाइने छ ।

८.०३ नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको केवल नेटवर्कहरुलाई वितरण क्षमता ग्राहाक संख्याको आधारमा मासिक प्रति ग्राहक रु. ५। का दरले मनोरन्जन कर लगाईनेछ । तर यस वापत असुल गरिने कर रकम बार्षिक रु. ५०,००० भन्दा बढी असुल गरिने छैन ।

**१०. हल भाडा : रु. २,००,०००।**

नगरपालिकाका विभिन्न सभाकक्षहरु भाडामा प्रयोग गर्दा भाडामा प्रयोग गरे वापत प्रति दिन तपसिलका दरले सभा कक्ष भाडामा लिइने छ ।

| क्र.सं. | विवरण | शुल्क दर |
|---|---|---|
| १ | भईं तलाको कुर्सी जडान भएको हल दैनिक | रु.५००। |
| २ | भुइ तलाको कुर्सी जडान नभएको हल दैनिक | रु.३००। |
| ३ | भइ तलाको माथी जे सुकै लेखिएतापनि टिकट दर राखि गरिने सांस्कृतिक कार्यक्रम, प्रदर्शनी आदिका लागि | रु.१०००। |
| ४. | माथिल्लो तलाको मानव संशाधन केन्द्र दैनिक | रु. १५००। |

सभाकक्ष प्रयोग कर्ताले निम्न अनुसारको थप सुविधा लिन चाहेमा निम्न अनुसारको थप शुल्क लिइने छ ।

क) मल्टी मिडिया प्रतिदिन रु. २०००।

**११. विज्ञापन कर : ७,००,०००।**

**क. रेलिंग : रु ३,००,०००।**

**ख. होर्डिंग बोर्ड :- रु ४,००,०००।**

स्थानिय स्वायत्त शासन ऐन नियमावली बमोजिम कुनैपनि उद्योग, संघ संस्था, व्यक्ति वा फर्मले नगरपालिकाको शहरी क्षेत्रभित्र कुनै विज्ञापन गर्नु पर्दा विज्ञापनको साइनवोर्ड वा कुनै सांकेतिक वोर्ड राख्नु पर्दा नगरपालिकाको पुर्व स्वीकृती लिई तोकिएको दस्तुर तिरी त्यस्तो विज्ञापन गर्ने साइनवोर्ड वा सांकेतिक वोर्ड राख्नु पर्ने छ । विज्ञापन वा सांकेतिक वोर्ड कसैको घरमा लेख्ने वा राख्ने भएमा घर धनीले नगरपालिकासंग सम्पर्क गराई लेख्न वा राख्न लगाउनु पर्ने छ । नगरपालिकालाई जानकारी

नगराई लेखिएको वा राखिएको विज्ञापानको कर घर धनीले नगरपालिकालाई बुझाउनु पर्ने छ । यस पुर्व लेखिएको वा राखिएका विज्ञापनको समेत विज्ञापन कर लिइनेछ । कर नतिर्ने विज्ञापन बोर्ड नगरपालिकाले हटाउने छ ।

विज्ञापन करको दररेट देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| १. | लाभको उद्देश्य राखि व्यापार व्यवसाय उद्योग तथा संघ संस्थाले गराउने विज्ञापन बोर्ड वा क्षेत्रलाई प्रति वर्ग फुट | रु. ५०।- |
| २. | सेवामुलक विज्ञापन बोर्ड वा क्षेत्रलाई प्रति वर्ग फुट | रु. ३०।- |
| ३. | तुल तथा व्यावसायिक व्यानर प्रति वर्ग फुट | रु ५।- |
| ४. | टेलिफोन र विजुलीका पोलमा गरिने विज्ञापन प्रति पोल | रु.२५।- |

५. नगरपालिकाद्धारा निर्मित्त स्थानमा विज्ञापन गर्दा नगरपालिकाले निर्धारण गरेको दररेट लागु हुने छ ।

६. तुल राख्ने इजाजत साप्ताहीक रुपमा अन्य इजाजत बार्षिक रुपमा दिइने छ ।

नोट : नेपालको प्रचलित कानुनले बन्देज गरेका मदिरा, धुम्रपान, खैनी जस्ता पदार्थको विज्ञापन राख्न दिइने छैन ।

**१२. माछा पोखरी रु. १,००,०००।**

नगरपालिका कार्यालयको हाताभित्र रहेको माछा पोखरीबाट प्राप्त हुने रकम ।

**१३. रोलर तथा पानी ट्यांकर भाडा रु .२,००,०००।**

१. नगरपालिकाबाट रोलर भाडामा दिंदा रोलर लैजाने-ल्याउने खर्च, तेल मोविल लगायतको इन्धन खर्च, चालकलाई दिइने दैनिक भत्ता रु.५००। समेत रोलर माग गर्ने सम्वन्धित ब्यक्ति, संघ, संस्था, कार्यालयले नै ब्यहोर्नु पर्नेछ । यसरी नगरपालिकाको रोलर नगरपालिकाबाट गठन भएका उपभोक्ता समितीले प्रयोग गर्दा नगरपालिकाको योजनाको हकमा दैनिक रु.५०००। तथा स्थानीय उपभोक्ता समिती बाहेकको हकमा दैनिक रु.६०००। लिई रोलर उपलब्ध गराइने छ ।

२. दिनको गणना गर्दा रोलर पठाएको समय देखि कार्यालयमा ल्याइपुऱ्याए सम्मको समयमा रोलर संचालन भई काम भए वा नभएपनि सम्पुर्ण अवधि गणना हुने छ र ८ आठ घण्टाको एक दिन गणना गरिने छ । तर अघिल्लो दिन रोलर गई भोलि पल्ट जुन सुकै समयमा आए पनि दुई दिन गणना गरिने छ साथै आठ घण्टा भन्दा कम भए पनि एक दिन गणना गरिने छ र आठ घण्टा भन्दा बढी समय प्रयोग भएमा थप दिन गणना गरिने छ ।

३. नगरपालिकाबाट पानी ट्यांकर भाडामा दिंदा ट्यांकर लैजाने-ल्याउने खर्च, तेल मोविल लगायतको इन्धन खर्च, चालकलाई दिइने दैनिक भत्ता रु.५००। समेत पानी ट्यांकर माग गर्ने सम्वन्धित ब्यक्ति, संघ, संस्था, कार्यालयले नै ब्यहोर्नु पर्नेछ । सो वाहेक भाडा वापत दैनिक रु.३५००।- न.पा. मा जम्मा गरे पछि ट्यांकर उपलब्ध गराईने छ । नगरपालिका बाट गठन भएका उपभोक्त समितीले प्रयोग गरेमा दैनिक रु.२५००। लिई उपलब्ध गराईने छ । दिन गणना गर्दा माथि २ नं. बमोजिम नै हुने छ ।

।

**१४. वारुण यन्त्र तथा सडक वत्ति सेवा शुल्क रु ०००।**

क) एकीकृत सम्पती कर असुली गर्दा प्रमुख व्यापारिक र व्यापारिक क्षेत्रमा प्रमुख व्यापारिक र व्यापारिक क्षेत्रमा ८ प्रतिशत र अन्य क्षेत्रमा ४ प्रतिशत सेवा शुल्क थप लिइने छ ।

ख) कुनै ब्यक्ति वा संघ संस्थाको कुनै पनि रकम कुनै ब्यक्ति वा संघ संस्थाबाट जुनसुकै ब्यहोराले उठाईदिएमा त्यसरी उठाई दिएको रकमको सयकडा २ प्रतिशतले हुने रकम सेवा शुल्क वापत लिइनेछ ।

ग) मोहीले राख्ने कुत बालिको धरौटी राखेवापत सयकडा दुई प्रतिशत ले हुने रकम लिइनेछ । सो वाहेक जुनसुकै विवादका कारण कुनै ब्यक्ति संघ संस्थाको रकम धरौटी राखि सुरक्षीत गरिदिए वापत धरौटी राखिदिएको रकमको सयकडा एक प्रतिशत रकम सेवा शुल्क वापत लिइनेछ ।

घ) सेवा शुल्क वापत प्राप्त हुने रकम दमकल संचालन र सडक बत्ति जस्ता योजना संचालनमा खर्च गरीने छ ।

## १५ सवारी पार्किङ् शुल्क रु. १८,००,०००।

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली वमोजिम नगरपालिका क्षेत्र भित्र नगरपालिकाले व्यवस्था गरेको र निर्माण गरेको पार्किङ् क्षेत्रमा पार्क हुने देहायका देहायका सवारी साधनहरुमा देहाय वमोजिम पार्किङ् शुल्क लिइने छ ।

नगरपालिकाले व्यवस्था गरेको पार्किङ् स्थानमा :

क) कोशी मेची र सगरमाथा अञ्चलमा संचालन हुने भाडाका बस, ट्रकहरुमा दैनिक रु.१०।
ख) अन्य अञ्चलमा संचालनहुने भाडाका बस, ट्रकहरुमा दैनिक रु.१५।
ग) विदेशि बस, ट्रक लहरीमा दैनिक रु.७५।
घ) विदेशि साना सवारी साधनमा दैनिक रु.२५।
ङ) भाडाका ट्याक्सी, टेम्पो, कार, जिप, भ्यानमा दैनिक रु.५।
च) निजी कार, जिप, टेमपो, भ्यानमा दैनिक रु.५।
छ) भाडा तथा निजी ट्रयाक्टर, मिनीबस, मिनी ट्रकमा दैनिक रु.५।
ज) पार्किङ् स्थान नगरपालिकाले तोके वा व्यवस्था गरे बमोजीम हुने छ ।

नोटः वसपार्कमा राती पार्किङ् गरि वास वसाउने सबै किसिमका सवारी साधनहरुबाट प्रत्येक रातका लागि रु.२०। पाकिङ् शुल्क लिइनेछ ।

## १६ सशुल्क पार्किङ् शुल्क रु.

इटहरी नगरपालिकाले तोकेको र व्यवस्थापन गरेको क्षेत्रमा तपशिल अनुसारको पार्किंग शुल्क लिइने छ ।

| सवारी साधन | पटके | | बर्षिक |
|---|---|---|---|
| | नेपाली | भारतीय | नेपाली मात्र |
| निजी तथा भाडाको कार, ट्याक्सि, जिप, भ्यान आदी | १० | २० | ७३० |
| स्कुटर, मोटरसाइकल | ५ | १० | ३६५ |

## १७. रिक्सा ठेला दर्ता तथा नविकरण दस्तुर : रु.५०,०००।

यस नगरपालिका बाट रिक्सा तथा ठेला दर्ता एवं नवीकरण गर्दा देहाय अनुसार बार्षिक नविकरण, कर,, दर्ता,, नवीकरण एवं नामसारी दस्तुर लिइने छ ।

| सवारी किसिम | शुरु दर्ता दस्तुर | बार्षिक कर नविकरण दस्तुर रु. | नामसारी | रिक्सा दर्ता वालाको मृत्यु भई हक वालाको नाममा नामसारी गर्नु पर्दा रु.५०। मात्र नामसारी दस्तुर लिइनेछ । |
|---|---|---|---|---|
| रिक्सा | १००। | १०० | १५०। | |
| ठेला | १००। | १०० | १००। | |

क) नयाँ दर्ता हुने रिक्सा र ठेलाको २ बर्षको नविकरण दस्तुर एकै पटक लिइने छ ।

नोट : रिक्सा चालक परिचय पत्र प्रति एकको रु.१५।

रिक्सा चालक परिचय पत्र प्रतिलिपी रु. ३।

असोज मसान्त भित्र नविकरण गरेमा १० प्रतिशत छुट
अगामी आ.ब.मा २० प्रतिशत जरिवाना
सो भन्दा पछिका आ.ब.मा प्रत्येक बर्ष ३० प्रतिशत जरिवाना

**१८. शौचालय घुम्ति समेत शुल्क रु. १,००,०००।**
सार्वजनिक शौचालय प्रयोग दिशा गरेको रु. ५।
पिसाव गरेको । रु.३।
**१९. मासु तरकारी तथा फलफुल बजार १०,००,०००।**
**२०. फोहोर व्यवस्थापन शुल्क ७,००,०००।**
**२१. निवेदन दस्तुर रु. १,६५,०००।**

संघ संस्था, क्लब, सरकारी कार्यालय, क्याम्पस, विद्यालय, उपभोक्ता समितिबाट सार्वजनिक हितको निमित्त दिने निवेदन, जनप्रतिनिधी, कर्मचारीबाट कार्यालय प्रयोजनको लागि दिने निवेदन, बृद्ध भत्ता, आर्थिक सहयोग माग निवेदनको निवेदन दस्तुर नलिने तर अन्य सबै किसिमका निवेदन दस्तुर रु.१०। लिईने छ।

**२२. कान्जी हाउस दस्तुर रु. ५०,०००।**

नगरपालिकाको कान्जी हाउसमा दाखिला हुन आउने पशुहरुको निम्नानुसार कान्जी हाउस दस्तुर लिइनेछ ।

क) समातेर ल्याएको पहिलो दिन रु.५००।
ख) समातेर ल्याएको दोस्रो दिन रु.५५०।
ग) समातेर ल्याएको तेस्रो दिन रु.६००।
घ) समातेर ल्याएको चौथो दिन रु६५०।
ङ) समातेर ल्याएको पाँचौ दिन रु.७००।
च) समातेर ल्याएको छैटौ दिन रु.७५०।
छ) समातेर ल्याएको सातौ दिन रु.८००।
ज) त्यसपछि लिलाम प्रकृया हुनु पूर्व सम्म आएमा रु.१,५००।

**द्रष्टब्य:**

१) उक्त पशुहरुका साथमा रहेका दुध खाने बाच्छा-बाच्छी, पाडा-पाडी, पाठा-पाठी, बछेडा-बछेडी र पाजीको माउँको आधा दस्तुर लाग्ने छ ।
२) छाडा पशुहरु पक्राउ गरी कान्जी हाउसमा दाखिला गर्ने व्यक्ति वा कार्यालयका कर्मचारीहरुलाई पहिलो दिन लाग्ने रकमको ५० प्रतिशत पुरस्कार दिइने छ ।
३) दिन हिसाब गर्दा कान्जी हाउसमा दाखिला हुनासाथ १ दिन र त्यसपछिको दोश्रो दिन बाट प्रत्येक रातलाई एक दिन मानिने छ ।
४) कान्जी हाउसमा परेको (दाखिला भएको) सात दिन भित्र पशु धनीले छुटाई नलगेमा लिलाम गरिनेछ ।
(५) बाली चरी-चराउ गर्दा पक्राउ परेका पशु धनीहरुले बालीको विगो (अर्मल) समेत सम्बन्धितलाई बुझाई सकेपछि मात्र पशु छोडिने छ।

**२३. जग्गा नापी रु.३०,०००।**

जग्गा नापी दस्तुर प्रति कित्ता बेग्ला बेग्लै लिइनेछ ।
प्रति कित्ता

| | |
|---|---|
| क) एक कठ्ठा सम्मलाई | रु.१,०००।- |
| ख) एक कठ्ठा भन्दा माथि पांच कठ्ठा सम्मलाई | रु. १,५००।- |
| ग) पांच कठ्ठा भन्दा माथि दश कठ्ठा सम्मलाई | रु. २,०००।- |

घ) दश कठ्ठा माथि रु. २,५००।-

## २४. घर नक्सा पास दस्तुर रु. १,०५,००,०००।

१. (क) स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम घर, टहरा, ग्यारेज, कम्पाउण्ड, वाल आदि निर्माण कार्यको नक्सा पास गर्दा देहाय अनुसार दस्तुर लिइने छ ।

(क) १००० बर्गफिट सम्मको नक्सा पास गर्दा प्रति बर्ग फिट रु. ५।-

(ख) २००० बर्गफिट सम्मको नक्सा पास गर्दा प्रति बर्ग फिट रु.६।-

(ग) २००० बर्गफिट भन्दा माथि जतिसुकै भए पनि प्रति बर्गफिट रु.८।-

(घ) जस्ता पाताको छाना भएको संरचनाको नक्सा पास गर्दा प्रति वर्ग फिट रु.२।

(ङ) पर्खाल प्रति रनिङ्ग फिट रु.५।-

(च) काठको भुइ वा टांडे घरको एकमुष्ट रु.५००।-

नोटः- पटक पटक गरी वा तला थप गरि नक्सापास भइसकेको संरचनामा थप नक्सा पासको लागि पेश भएमा सवै क्षेत्रफल गणना गरि कुन वर्गमा पर्ने हो सो निर्धारण गरि सोही वर्गको दरले पेश भएको नक्सामा दस्तुर लिइने छ ।

२) नयाँ घर निर्माणका लागि नक्सा पेश हुंदा लाग्ने दस्तुरका अतिरिक्त दस्तुर बरावरको रकमको ५० प्रतिशत रकम धरौटी बापत लिइने छ । स्वीकृत मापदण्ड अनुरुप निर्माण कार्य सम्पन्न गरी निर्माण कार्य सम्पन्नको प्रमाण पत्र दिंदा उक्त धरौटी फिर्ता गरिने छ ।

३) नगर क्षेत्र भित्र घर भवन निर्माण गर्दा वनेका भौतिक पूर्वाधारमा पर्ने असर र त्यसको मरमत सम्भारका लागि नक्शापास दस्तुरका अतिरिक्त मरमत सेवा शुल्क वापत नक्शापास दस्तुरको दश प्रतिशतले हुने रकम थप लिइने छ । निर्माण सामाग्रि राख्दा सार्वजनिक स्थललाई अवरोध गर्ने गरी राख्न पाईने छैन ।

४) नक्शापास नगरी कसैले घर निर्माण गरेमा नक्शापास गर्दा लाग्ने दस्तुर बराबर नै थप जरीवाना लिई नियमानुसार नक्शापासको प्रकृया अघि बढाईने छ ।

५) नगरपालिका क्षेत्र भित्र निर्माण स्वीकृति नलिई घर निर्माण गरेको भन्ने सूचना दिने संस्था वा व्यक्तिलाई जरीवानाको १० प्रतिशतले हुने रकम पुरस्कार स्वरुप दिइने छ । तर यस्तो रकम सम्बन्धित व्यक्तिबाट असुल भए पछि मात्र उपलब्ध गराइने छ ।

६) नयाँ घरको नक्सा पास गर्दा सुरुमा प्लिन्थ (चर ) सम्मको मात्र स्वीकृती दिइने छ । प्लिन्थ (चर) सम्मको निर्माण कार्य सम्पन्न भएको जानकारी प्राप्त भएपछि प्राबिधिकद्वारा निरीक्षण गराई बाँकी निर्माणको स्विकृति दिइने छ ।

७) नयाँ बनाउने घरको हकमा आफ्नो जग्गाको क्षेत्रफल भन्दा बढी भएको जग्गामा घर निर्माण गर्न दिन नहुने र यसरी बढी भएको जग्गा सार्वजनिक हुने र नगरपालिकाले संरक्षण गर्नु पर्ने हुँदा संरक्षणको आवश्यक ब्यवस्था मिलाई उक्त जग्गा नगरपालिकाले प्रयोग गर्न मनासिव हुने । पुरानो घरको हकमा आफ्नो जग्गाको क्षेत्रफल भन्दा वढी जग्गामा बनेको घरको घर नक्सामा काटी जग्गामा अटाउने क्षेत्रफलसम्मको मात्रै घर नक्सा पास गर्ने ।

८) नगरपालिकाबाट निवेदकका संधियारहरुको सही, नाम, ठेगाना खोज्न सम्भव नहुने हुँदा निवेदक स्वयंले नै संधियारहरुको सहि नाम, ठेगाना उल्लेख गर्नु पर्ने तथा संधियारले १५ दिने सूचना प्राप्त गरी सरजिमिनको समयमा उपस्थित नभएमा पनि सरजिमिन गर्न रोक्न नपर्ने सम्वन्धीत संधियारहरुले १५ दिने सूचना प्राप्त गर्न नसकेको अवस्था भएमा सम्वन्धीत संधियारहरुका नाममा १५ दिने हक दावी सम्वन्धी सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने र सो को म्याद भुक्तान भए पछि नक्सा पास सम्वन्धी वाँकी कारवाही अगाडि बढाई नक्सा पास गरिदिने ।

९) यसरी राष्ट्रिय पत्रिकामा १५ दिने हक दावी सम्वन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा लाग्ने खर्च निवेदक वा घर बनाउने घरधनीले व्यहोर्नु पर्दछ ।

१०) नगरविकास समितिबाट निर्माण इजाजत लिई भवन निर्माण भएको तर निर्माण कार्य सम्पन्न भएको प्रमाण पत्र लिइ नसकेको कुनै घरको क्षेत्रफल जग्गाको क्षेत्रफल भन्दा बढी भएको घरहरुको हकमा न.पा.द्वारा सरजिमिन गरी प्राविधिक प्रतिवेदन अनुसार न.पा. बैठकमा पेश गरी बैठकबाट निर्णय भए पश्चात निर्णयानुसार आवश्यक कारवाही गर्ने ।

११) प्राविधिक टोलिबाट स्थलगत निरीक्षण गराई प्रतिवेदन लिई प्रतिवेदन अनुसार निश्चित सडकका निश्चित ठाउँहरुमा वन्ने नयाँ घरहरुको चरको उचाई समान कायम गर्ने ।

१२) नेपाल सरकार नापी विभागले नक्सामा कायम भएका लाइनलाई उडाउनु वा मेटाउनु पर्ने अवस्था आएमा त्यस्ता लाइन लाई नउडाइ नमेटाई लाइनलाई सांकेतिक भाषा प्रयोग गरि चिन्ह दिने गरेको (क) बृहस चिन्हलाई घरनक्सामा पेश भएका घरका नक्साको लाइन मेटाउन वा उडाउन परेमा सोही चिन्ह प्रयोग गर्ने ।

१३) नक्सा पास हुन वाँकी रहँदै कुनै ब्यहोराले नक्सा पास नगराउने भई सम्वन्धित ब्यक्तिले नक्सापास वापत बुझाएको दस्तुर फिर्ता माग गरेमा बुझाएको दस्तुरको २५ प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरी वाँकी रकम फिर्ता दिइनेछ । तर सोही रकमबाट दस्तुर मिलान गरी अर्को ब्यक्तिको नाउँबाट नक्सा पास गरि पाउँ भनि जग्गा रजिष्ट्रेशन भएको १५ दिन भित्र निवेदन पर्न आएमा साविक रकममा थप २५ प्रतिशत रकम लिई रकम मिलान गरि नक्सा पास गरि दिइनेछ । यसरी रकम मिलान गर्नुपर्दा साविक जग्गा धनि समेत स्वयं उपस्थित भई निवेदन दिएको हुनु पर्ने छ ।

१४. नक्सा पास भएको २ बर्षको म्याद भित्र भवन निर्माण कार्य समाप्त गरीसक्नु पर्ने सो अवधिमा निर्माण सम्पन्न हुन नसक्ने भएमा म्याद वाँकी रहँदै म्याद थप गराउनु पर्ने ऐनको ब्यवस्था रहेकोमा कुनै अदालतमा घर जग्गाको विषयलाई लिएर मुद्धा चलि कारवाही भईरहेको अवस्थामा वाहेक २ बर्षभित्र निर्माण कार्यपनि समाप्त नगरेको म्याद थप पनि नगरेको अवस्थामा सम्वन्धित ब्यक्तिले राखेको धरौटी जफत गरी स्याहा सदर गरीनेछ । फिर्ता हुने छैन । तर सुरु म्यादै भित्र निर्माण सम्पन्न गरी सम्पन्न प्रमाण पत्र लिएको वा म्याद थप गरी थप भएको म्यादै भित्र निर्माण सम्पन्न गरी प्रमाण पत्र लिएको अवस्थमा त्यसरी निर्माण सम्पन्न प्रमाण पत्र लिएको ६ महिना भित्र धरौटी रकम फिर्ता लिन आए प्रचलित कानूनको रित पुर्याई फिर्ता दिइनेछ । सो अवधि पश्चात धरौटी रकम फिर्ता हुने छैन ।

१५. नक्सा संशोधन गर्दा, नक्सा पास गर्दा लाग्ने दस्तुरको २५ प्रतिशत संशोधन दस्तुर वापत थप दस्तुर लिइनेछ ।

१६. भुकम्प प्रतिरोधात्मक भवन निर्माणका आवश्यक सूचनाहरु विभिन्न सञ्चार माध्यमबाट प्रकाशन, प्रशासरण तथा सूसुचित गर्ने व्यवस्था नगरपालिकाले मिलाउने छ सरी प्रकाशन र प्रशारण गर्नका लागि लाग्ने खर्च व्यवस्थापनका लागि नक्शा पेश हुँदाका बखत रु.३००। लिईने छ ।

१७. नक्शापासका लागि निवेदन दर्ता गरी स्वीकृतिको प्रकृया अघि नबढेका निवेदनको हकमा चालु आ.ब. को अन्तरमा दुई बर्ष अवधि पुरा हुने बाहेकका सवै निवेदनहरुको हकमा सार्वजनि सूचना जारी गरी प्रक्रिया अघि बढाउन सम्बन्धित सबैका लागि ३० दिने सूचना जारी गर्ने । यसरी सुचना जारी गरे पश्चात प्रक्रिया अघि बढाउन आउने चालु आ.ब.को अन्त सम्ममा चार बर्ष पुग्ने निवेदनको हकमा निवेदन गर्दाका बखत बुझाएको दस्तुरको १० प्रतिशत सो भन्दा अघिका निवेदनको हकमा २० प्रतिशत दस्तुर लिई प्रक्रिया अघि बढाईने छ ।

१८. नक्शा पासका लागि निवेदन परि इजाजत पत्र लिएका तर निर्माण सम्पन्न गर्ने अवधि नाघेका निवेदनको हकमा समयावधि भित्रै म्याद थपका लागि निवेदन गर्न आएमा नक्शापास दस्तुरको ५ प्रतिशत, म्याद नाघेको तर म्याद थप नभएकाको हकमा चार बर्ष भित्र आएमा नक्शापास दस्तुरको २५ प्रतिशतले हुने जरिवाना लिई र चार बर्ष पछि आएमा नक्शा पास दस्तुरको ५० प्रतिशतले हुने जरिवाना लिई नक्शा पास गरि दिने । तर नक्शा पास तथा स्वीकृतिका लागि घर धनिले शुरु तथा

नक्शा संशोधनका बखतमा नगरपालिकामा राखेको सम्पुर्ण धरौटी रकम पूर्व स्वीकृति विना निर्माण कार्य गरे वापत स्वतह सदर स्याहा गरिने छ ।

१९. इजाजत लिई म्याद भित्र निर्माण सम्पन्न नलिएको, म्याद थप नगरेको हकमा दस्तुर तथा धरौटी सदर स्याहा गरिने छ फिर्ता हुने छैन ।

२०. नक्शा पेस हुँदा नक्शा बमोजिमको क्षेत्रफल भन्दा कम मात्र निर्माण भएको हकमा नियमानुसार फिर्ता हुने धरौटी बाहेक अन्य दस्तुर फिर्ता हुने छैन तर नक्शाको क्षेत्र फल भन्दा बढी क्षेत्रफलको संरचना निर्माण भएमा नियमानुसार लाग्ने थप दस्तुर तथा धरौटी थप हुने छ ।

## २५. मरमत सम्भार, रेखांकन तथा निरिक्षण दस्तुर रु. १५,००,०००।

(क) घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर रु. १०००।-

(ख) ले आउट दस्तुर रु. ५००।-

(ग) धरौटी नक्शा पास दस्तुरको ५० प्रतिशत

(घ) पूर्वाधार मरमत सेवा शुल्क नक्शापास दस्तुरको १० प्रतिशत

(ङ) सचेतना शुल्क रु.३००।

## २६. घरनक्शा नामसारी दस्तुर रु. ७,००,०००।

नक्शा पासको नामसारी गर्दा तपसिल बमोजिमको दस्तुर लिईने छ ।

क) १००० वर्गफिट सम्म रु.५,०००।-

ख) १००० बर्गफिट भन्दा माथि २००० बर्गफिट सम्म रु.६,०००।-

ग) २००० बर्गफिट भन्दा माथि ३००० बर्गफिट सम्म रु.७,५००।-

घ) ३००० बर्गफिट भन्दा माथि ४००० बर्गफिट सम्म रु.९,५००।-

ङ) ४००० बर्गफिट भन्दा माथि ५००० बर्गफिट सम्म रु.१०,०००।-

च) ५००० बर्गफिट भन्दा माथि प्रति ५०० बर्गफिट बरावर रु.१,०००।- थप लाग्ने छ ।

छ) घर जग्गा धनिको मृत्यु भई एकाघरका परिवारको नाममा नामसारी गर्नु पर्दा १००० वर्गफिट सम्मको घरमा रु१०००। र सो भन्दा माथि भए रु.२०००।- नामसारी दस्तुर लिइने छ ।

## २७. सिफारिस दस्तुर रु. ३७,२८,०००।

## २८. क नाता प्रमाणित दस्तुर रु. १,१०,०००।

***सिफारिस तथा नाता प्रमाणीत दस्तुर***

| क्र.स. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मोही नामसारी सिफारिस | ३५० | एक कठ्ठा भन्दा माथि भए प्रति कठ्ठा थप रु. १० |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस (अनुसुची) फारम सहित | २५ | |
| ३ | सर्जमिन गरी गरिने नागरिकता सिफारिस | ३०० | |
| ४ | नागरिकताको प्रतिलिपि सिफारिस | २५ | |
| ५ | अंगिकृत नागरिकताको सिफारिस सरजमिन सहित | ५५० | |
| ६ | जग्गा नामसारी सिफारिस | ५०० | एक कठ्ठा भन्दा माथि भए प्रति कठ्ठा थप रु. १० |
| ७ | चरित्र प्रमाणित सिफारिस | रु.११० स्थायी बसोबास भएमा,नभएमा रु.५१०। | |
| ८ | नाम, उमेर, ठेगाना आदि सच्याउने सिफारिस | २५० | |
| ९ | बसोबास प्रमाणित | १२५ वसाई सराई प्रमाण पत्र पेश नभएमा नभएमा रु.५६०। | लक्षित वर्ग प्रमाणितको हकमा समेत सोही दर कायम हुने |

| | | | |
|---|---|---|---|
| १० | घर प्रमाणित | | |
| | क) पक्की घर | ५०० | घर भए वा हटाएको |
| | ख) कच्ची | ३०० | ऐ. |
| ११ | विवाह प्रमाणित | ५०० | |
| १२ | टेलिफोन जडान सिफारिस | ३०० | |
| १३ | विद्युत जडानको सिफारिस | | |
| | थ्रि फेस लाइन | ५०० | |
| | पक्कि घर | २०० | |
| | कच्चि घर | १०० | |
| १४ | संस्था दर्ता सिफारिस | १००० | |
| १५ | घरकोठा खोल्ने (प्रति कोठा) | २००० व्यवसायिक<br>१००० आवासीय | |
| १६ | सिनेमा हल खोल्न स्वीकृती | १०००० | |
| १७ | मोही लगत कट्टाको सिफारिस | | |
| | क) एक कठ्ठा भन्दा मुनिको लागि | ५०० | एक कठ्ठा भन्दा माथि प्रतिकठ्ठा थप रु.१०० |
| १८ | सहुलियत काठको सिफारिस | ५०० | |
| १९ | नम्बरी जग्गाको रुख काट्ने सिफारिस | १०० | एकभन्दा बढी रुख भए प्रति गोटा थप रु. १० |
| २० | घर सारी पाउं भन्ने सिफारिस | १००० | |
| २१ | पेन्सन पट्टाको लागि कुनै पनि व्यहोराको सिफारीस दस्तुर तपसिल अनुसार | | |
| | क) नेपालको लागि (नेपालमा सेवा गरेको) | १०० | |
| | ख) भारतको लागि (भारतमा सेवा गरेको) | २०० | |
| | ग) अन्य देशको लागि (अन्य देशमा सेवा गरेको) | ५०० | |
| २२ | सर्जमिन समेत गरी गरिने सिफारिसलाई जुनसुकै सिफारिस भएपनि सो बमोजिम लाग्ने दस्तुरको अतिरिक्त सर्जिमिन वापत थप | ३०० | |
| २३ | अपुतालीको सिफारिसमा | | |
| | क) नेपाली | १००० | |
| | ख) विदेशी | ५००० | |
| २४ | चार किल्ला प्रमाणितः- | | |
| | वडा नं. १,४,५, र ८ एक कठ्ठासम्म | ४०० | एक कठ्ठा माथि प्रति कठ्ठा रु.२० थप |
| | अन्य | २०० | ऐ. |
| २५ | मेला सर्कसको अनुमति सिफारिस | १०००० | |
| | स्टल राखी सञ्चालन गरिने | १५,०००। | |
| २६ | आगलागीको सिफारिस | | |
| | क) सामान्य घर | ५०० | |
| | ख) साना घरेलु उद्योग | ५,००० | |
| | ग) मझौला उद्योग | ८,००० | |
| | घ) ठुला उद्योग, फ्याक्ट्री | १५,००० | |
| २७ | जिल्ला दैवि प्रकोप उद्धार समितीलाई तथा वनलाई गरिने आगलागी सिफारीस | ५० | |
| २८ | खानेपानी जडान सिफारिस : | | |
| | खानेपानी धारा जडान सिफारिस | १५० | |
| | ४ मिटरसम्म पक्की सडक पार गर्नेलाई | ५०० | धरौटी १५,०००। |

| | | | |
|---|---|---|---|
| | ४ मिटरभन्दा बढी पक्की सडक पार गर्नेलाई | ५०० | धरौटी २५,०००। |
| २९ | उद्योग व्यवसाय बन्द प्रमाणित सिफारिस (व्यवसाय नै संचालन नगरेमा र यस कार्यालयमा दर्ता नभएको ) वा चालु आ.ब. भन्दा अगाडी बन्द भई यस कार्यालयलाई जानकारी नदिएकोमा सोही मिति देखि बन्दको सिफारीस गर्दा | २००० | |
| ३० | व्यवसाय गरी प्रमाण पत्र लिएकोमा बर्षिक कर लिएर बन्द भएको सिफारिस गर्दा | १५० | |
| ३१ | जग्गा मुल्यांकन सिफारिस घर समेत दस्तुर | | |
| | क) घर जग्गा मुल्यांकन गर्दा रु.१००० को | ७० पैसा | |
| ३२ | हैसियत प्रमाणीत (विदेश जाने प्रयोजनकालागि ) अंग्रेजीमा | | |
| | (क) १ करोड सम्मको सम्पत्तिको मुल्यांकन | ३०००।- | |
| | (ख) २ करोड सम्मको सम्पत्तिको मुल्यांकन | ४०००।- | |
| | (ग) २ करोड भन्दा माथि सम्पत्तिको मुल्यांकन | ५०००।- | |
| ३३ | विवाह प्रमाणित, अविवाहित प्रमाणित, आय प्रमाणित, कर चुक्ता प्रमाणित, जन्म प्रमाणित् लगायत अन्य सिफारिस (विदेश जाने प्रयोजनको लागि) प्रति सिफारिस अंग्रेजीमा | ३५०। | |
| ३४ | नगरपालिकावाट कम्प्यूटर गरि दिदा माथि उल्लेखित दस्तुरको अतिरिक्त प्रति पाना | ५० | |
| ३५ | अन्य छुटपुट सिफारीसमा | २५० | |
| ३६ | उद्योग दर्ता सिफारीस | | |
| | चाउचाउ उद्योग | १००० | |
| | बिस्कुट उद्योग | १००० | |
| | चप्पल उद्योग | १००० | |
| | सलाई उद्योग - | १००० | |
| | प्लाइउड उद्योग | १००० | |
| | कपडा उद्योग | १००० | |
| | बरफ उद्योग | ६०० | |
| | कन्फेक्सनरी उद्योग | ६००।- | |
| | काष्ठ उद्योग | ६००।- | |
| | (क) समिल) | १०००।- | |
| | (ख) काष्ठ उद्योग साना समिल फर्निचर सहित | १०००।- | |
| | (ग) काष्ठ फर्निचर उद्योग मात्र | ६००।- | |
| | गाडि मर्मत (ग्यारेज) उद्योग | ६००।- | |
| | (क) पेट्रोल पम्प स्थापना | १०००।- | |
| | (ख) मट्टितेल डिलरसिप | १०००।- | |
| | स्टेसनरी वा कपी उद्योग | ६००।- | |
| | डिस्ट्रिलरी ब्रुअरी उद्योग | १०००।- | |
| | हल्का पेय (जुस) पदार्थ उत्पादन उद्योग | ६००।- | |
| | प्लाष्टिक उद्योग | १०००।- | |
| | पाउरोटी, केक, पेस्टी, डुनोट उद्योग | ६००।- | |
| | ग्रील उद्योग - | ६००।- | |
| | गलैंचा उद्योग | १०००।- | |
| | गार्मेन्टस उद्योग | १०००।- | |
| | कुटानी पिसानी उद्योग (साना) | ६००।- | |
| | भुजीया उद्योग | ६००।- | |
| | ईंटा तथा टायल उद्योग (भट्टा) आधुनिक यन्त्र प्रयोग हुने | २५००।- | |

| | | | |
|---|---|---|---|
| | ईंटा तथा टायल उद्योग भट्टा (हातले बनाउने) आधुनिक यन्त्र प्रयोग नहुने | २०००।- | |
| | पशुपंक्षी आहार उद्योग | ६००।- | |
| | तामा, पित्तल, आल्मुनियम, फलाम, जस्ता, धातुको उद्योग( घरेलु) | ६००।- | |
| | जुत्ता उद्योग, फ्यक्ट्री | १०००।- | |
| | प्रेस वाहेक अन्य प्रिन्टिंग तथा लेबुल उद्योग | ६००।- | |
| | जुट उद्योग | १०००।- | |
| | कुटानी पिसानीका ठूला उद्योग | १०००।- | |
| | जुस, सस, अचारका ठूला उद्योग | १०००।- | |
| | सिमेण्टका पाइप तथा पोल उद्योग | १०००।- | |
| | खैनि उद्योग | १०००।- | |
| | चुरोट, विडी उद्योग (फ्याक्ट्री) | २०००।- | |
| | चुरोट, विड उद्योग घरेलु | १०००।- | |
| | चिप्स, स्वेटर, विट र वोर्ड उत्पादन गर्ने जस्ता उद्योग स्थापना सिफारिस | ४६०। देखि ६००। | |
| | नुडल्स उद्योग दर्ता सिफारिस सर्जमिन वाहेक | ७०० | |
| | माथि उल्लेखित उद्योग वाहेकका अन्य किसिमका उद्योग स्थापनाको सिफारिसमा | ६००। देखि १२०००।- | |
| ३७ | निजी विद्यालय दर्ता सिफारिस | | |
| | क) प्रा.वि. | ५०० | |
| | ख) नि.मा.वि. | ७०० | |
| | ग) मा.वि. | १००० | |
| | घ) उच्च मा.वि. | १२०० | |
| | ङ) क्याम्पस | १८०० | |
| | च) प्राविधिक शिक्षण संस्था स्थापनाका लागि गरिने सिफारिस | २००० | |
| | विद्यालय तथा क्याम्पसको स्तर बृद्धि गर्दा माथिल्लो स्तरको दर्ता सिफारिस दस्तुर लिने तथा एकै स्तरमा कक्षा मात्र थप गर्दा प्रति कक्षा | १५० | |
| ३८ | पसल कोठा आगलागी (वीमा भएको) | १२०० | |
| ३९ | कुखुरा, बंगुर पालन ब्यवसाय उद्योग | ३५० | |
| ४० | रजिष्ट्रेशन प्रयोजनका लागि घर तथा बाटो प्रमाणीत गरी मालपोत कार्यालयको नाउँमा गरिने सिफारिस प्रति सिफारिस | | |
| | (क) १ कठ्ठा सम्मको क्षेत्रफलमा | ५००।- | |
| | (ख) ५ कठ्ठा सम्मको क्षेत्रफलमा | १०००।- | |
| | (ग) १० कठ्ठा सम्मको क्षेत्रफलमा | १५००।- | |
| | (घ) १ विगाहा सम्मको क्षेत्रफलमा | २०००।- | |
| | (ङ) १ विगाहा भन्दा माथिको क्षेत्रफलमा | २५००।- | |
| ४१ | निर्माण सामाग्री डिलर सिप सिफारीस | ७०० | |
| ४२ | उद्योग ठाउँसारी सिफारीस | ६००।- | |
| ४३ | विजुलीको सामान ट्रान्सफर्म समेत मर्मत व्यवसाय सिफारीस कर | ९०० | |
| ४४ | न.पा. कार्यालयमा प्रकृया संचालन भई रहेको सिफारीस/प्रमाणित | २००० | |

| | | | |
|---|---|---|---|
| ४५ | नाता प्रमाणित दस्तुर | २५० | |
| ४६ | डिलर सीप प्रति डिलर | १००० | |

**२९. दण्ड जरिवाना पन्जिका समेत रु. २,६०,०००।**

क) ३५ दिन भित्र दर्ता हुनेमा निशुल्क
ख) सो पछि दुई महिना भित्र दर्ता हुनेमा रु.२०
ग) पाँच महिना भित्र दर्ता हुनेमा रु.३०
घ) पाँच महिना भन्दा पछी दर्ता हुनेमा रु.५०

नगरपालिकाको निर्णय बमोजिम सिफारिस दस्तुर छुट पाउने दलित बर्गको हकमा १ बर्ष सम्म रु. १० सो पछि रु. ५०

**३०. घरनक्शा तथा अन्य फारम बिक्रि रु. ७,००,०००।**

क) ठेला गाडीको ब्लु बुक रु. ५०।-
ख) रिक्साको ब्लु बुक रु. २५०।-
ग) सवारी कर प्रमाण-पत्र दस्तुर रु.१५०।-
ङ) नागरिकता अनुसुचि फारम रु.१०।-
च) नागरिकता प्रतिलिपी फारम रु.१५।-
छ) घर नक्सा पास निवेदन फारम रु.५००।-
ज) अन्य निवेदन फारम प्रति पाना रु. १५।-

**३१. मुद्धा, मिलापत्र दस्तुरः- १०,०००।**

क) बिगो खुलेकोमा
    १) रु. १ हजारसम्म रु. ५०।-
    २) रु. १ हजारभन्दा माथि सयकडा २ प्रतिशतले हुने रकम
ख) विगो नखुलेकोमा रु. ५०।-
ग) साधारण (विविध) मुद्धा दर्ता दस्तुर रु. ५०।-
घ) कानुन बमोजिम दायर हुन आउने मुद्धामा लाग्ने दस्तुर र मिलापत्र वापत लिइने दस्तुर कानुन बमोजिम नै हुनेछ ।

**३२. घर नम्बरिंग/ पारिवारिक परिचय पत्र रु. २,००,०००।**

**३३. लगत कट्टा दस्तुर रु. १५,०००।**

**३४. अन्य दस्तुर रु. ०,०००।**

**३५. नक्कल दस्तुर रु. १५,०००।**

नगरपालिकाबाट नक्कल प्रमाणित गरिदिदा देहाय बमोजिमको नक्कल दस्तुर लिइनेछ ।

(क) नक्सा पास सम्वन्धि प्रमाणपत्रको प्रतिलिपी प्रतिपाना रु.१००।-
(ख) घरको नक्साको प्रतिलिपी प्रतिपाना रु.१५०।-
(ग) ब्यवसाय प्रमाण-पत्र प्रतिलिपी रु.१५०।-
(घ) अन्य प्रमाण-पत्रको रु.५०।-
(ङ) प्रमाण-पत्र वाहेक अन्य कागजको प्रतिपाना रु.३।-
(च) एकिकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि रु.२५।-

**३६. पूर्वाधार मरमत सम्भार रु. २,००,०००।**

**३७. विविध आय रु. १,७५,०००।**

यस शिर्षकमा विभिन्न महलमा उल्लेख भएका सर्जमिन दस्तुरहरु, घर निर्माण रेखांकन दस्तुर, निरिक्षण दस्तुर, व्यवयसायको विविध फारम तथा माथि उल्लेखित शिर्षकमा नपरेका अन्य आम्दानीहरु पर्दछन ।

क) तोकिएको शिर्षकमा नपरेका अन्य सिफारिस दस्तुर प्रति सिफारिस रु.२५०।

**३८. धरौटी जफत रु. ५,००,०००।**

**३९. विगत बर्षको ठेक्का बक्यौता, वेरुजु असुल उपर रु.१,६५,०००।**

**४०. मरमत सम्भार कोष रु.९,००,०००।**

क) योजनाबाट निर्देशिका अनुसार १ प्रतिशतले प्राप्त हुने रकम

**४१) स्थानीय भवन निर्माण व्यवसायी सुचिकृत रु. १,००,०००।**

**४२) लिलाम विक्रि रु.५,०००।**